**राष्ट्रिय मानव अधिकार आयोग १८ औं स्थापना दिवसका अवसरमा आयोगका सदस्य गोविन्द शर्मा पौड्यालको स्वागत मन्तव्य**

*कार्यक्रमका सभाध्यक्ष एवम् आयोगका माननीय अध्यक्षज्यू, नेपाल सरकारका कानुन न्याय तथा संसदिय मामिला मन्त्रीज्यू, माननीय न्यायाधीशज्यूहरु, आयोगका सहकर्मी माननीयज्यूहरु, विभिन्न संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीज्यूहरु, नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरु, आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनीधिज्यूहरु, राजनीतिक दलका नेतागण, जनप्रतिनिधिज्यूहरु, पेशागत संघसंगठनका प्रमुख तथा प्रतिनिधिज्यूहरु, नागरिक समाज तथा मानव अधिकारको क्षेत्रमा कार्यरत वरिष्ठ व्यक्तित्वहरु, गैरसरकारी संस्था महासंघका अध्यक्षज्यू, कुटनैतिक नियोगका प्रमुख तथा प्रतिनीधिज्यूहरु युएन रेसिडेन्ट कोअर्डिनेटर, दयाराम स्मृतिसम्मानबाट सम्मानित व्यक्तित्वज्यूहरु, सञ्चारकर्मीज्यूहरु, आयोगका वर्तमान तथा पूर्व कर्मचारी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु !*

आज १३ जेठ, राष्ट्रिय मानव अधिकार आयोगको १८ औं स्थापना दिवस । यस अवसरमा आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित भइदिनु हुने सम्पूर्ण आमन्त्रित अतिथि महानुभावहरुलाई आयोग र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

आयोगको १८ औं स्थापना दिवस मनाइरहँदा मानव अधिकारको दृष्टिले देशमा केही सकारात्मक सन्देशहरु प्रवाहित भएका छन् । यस अवधिमा नागरिकको अधिकार संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने संघीयता कार्यान्वयनमा सकारात्मक संकेतहरू देखिएका छन् । नागरिकबाट प्रयोग भएको राजनीतिक अधिकारमार्फत आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको प्रचलन सहज हुनसक्ने सम्भावना देखिएको छ । लामो समयपछि गठन भएको एकल पार्टीको बहुमतको सरकारबाट सुशासन र विकासको अधिकार पुरा हुने अपेक्षा आम नागरिकहरुले गरेका छन् । स्थानीय तहमा उल्लेख्य रुपमा भएको महिला र दलित समुदायको प्रतिनीधित्वले व्यवहारिक रुपमा समाजमा रहेको विभेदजन्य गतिविधिको अन्त्य हुनसक्ने अवस्थाको सिर्जना हुँदै गएको छ । निरन्तर रुपमा उल्लंघन भइरहेको उपभोक्ताको अधिकार संरक्षणमा सरकारको सशक्त र प्रभावकारी पहल निरन्तर रहने अपेक्षा नागरिकहरुमा बढ्दो छ ।

आप्रबासी कामदारहरुको अधिकार संरक्षण सम्बन्धमा सर्वोच्च अदालतबाट महत्वपूर्ण निर्णय भएको छ । सरकारले हालै सार्वजनिक गरेका नीति तथा कार्यक्रममा मानव अधिकारप्रति पुनः प्रतिबद्धता जाहेर

भएको छ । राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक सबै प्रकारको सहयोग गर्ने सरकारको प्रतिबद्धता निरन्तर जारी छ । आयोगले आफ्नो कार्यादेश पूरा गर्न निरन्तर प्रयास गरिरहेको छ । आयोगले यस वर्ष दण्डहीनताको अन्त्यको लागि दक्षिण एसियाली क्षेत्रका सबै राष्ट्रिय मानव अधिकार संस्थाहरूबीच अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी प्रादेशिक र राष्ट्रिय सम्मेलनहरु सम्पन्न भएका छन् । मानव अधिकार उल्लंघनकर्ता भनी कारवाहीको लागि सिफारिस गरेका व्यक्तिहरूको नामावली प्रकाशनको प्रक्रिया अन्तिम चरणमा छ । यस सम्बन्धी नियमावलीको मस्यौदा समेत तयार भइसकेको छ ।

**अध्यक्ष महोदय,**

उल्लिखित सकारात्मक संकेतहरुका वाबजुद नागरिकहरुको मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि सरकारबाट उल्लेख्य पहल गर्नुपर्ने अवस्था छ । नागरिकको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्रचलनको लागि सरकारले विशेष योजना बनाएर अगाडि बढ्न आवश्यक छ । सोही अवस्था अल्पसंख्यक र सीमान्तकृत समुदायको लागि पनि आवश्यक देखिन्छ । नेपालको संविधानबमोजिम तीन वर्षभित्रमा तर्जुमा भइसक्नु पर्ने मौलिक हकसम्बन्धी कानुनहरू तर्जुमामा ढिलाई भइरहेको छ ।

वर्तमान सम्मानीय प्रधानमन्त्रीज्यू एवं अन्य पूर्व प्रधानमन्त्रीज्यूहरूको निरन्तर प्रतिबद्धताका बाबजुद २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त यस आयोगको केन्द्रीय कार्यालयको भवन निर्माण कार्य अझै शुरू हुन सकेको छैन । संविधान बमोजिम राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा समयमा नै संशोधन हुन नसक्दा आयोगलाई प्रादेशिक संरचनामा रुपान्तर गर्ने कार्यमा ढिलाई भइरहेको छ । मस्यौदा भई आयोगबाट पेश भएको राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी सेवा सम्बन्धी विधेयक लामो समयदेखि प्रधानमन्त्री कार्यालयमा रुमलिएर बसेको छ । परिणाम, आयोगका कर्मचारीहरू अन्य सेवाका कर्मचारी सरहको सेवा सुविधा प्राप्त गर्नबाट निरन्तर बञ्चित हुँदै आएका छन् ।

नेपाल सरकारको पटक-पटकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरित आयोगले पूर्ण आर्थिक स्वायत्तताको विषयमा दोहोऱ्याएर समस्या व्यहोर्नु परेको छ । विशेषतः सरकारका निकायहरुबाट राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक निकायहरूलाई एकै प्रकृतिको बुझिदिँदा आयोगको स्वायत्तता र स्वतन्त्रताका विषयहरू र आयोगको अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने सन्दर्भमा समय समयमा आउने अवरोधहरुको अन्त्य हुन सकेको छैन । सरकारको प्रतिबद्धता विपरित आयोगबाट कानुनी कारवाहीको लागि भएका सिफारिसहरूको कार्यान्वयन प्रतिशत विगत वर्षको तुलनामा घटेको छ । गतवर्ष १७ औं स्थापना दिवस मनाइरहँदा रहेको सिफारिसको पूर्ण कार्यान्वयन प्रतिशत १४ भएकोमा आज १८ औँ स्थापना दिवस मनाइरहँदा १२.५ प्रतिशतमा झरेको छ । अन्तर्राष्ट्रिय महासन्धि अनुरुपको दायित्व पूरा गर्ने सन्दर्भका चुनौतीमा पनि आशातित सुधार हुन सकेको छैन । विगत अवधिमा झैं यस अवधिमा पनि द्वन्द्व पीडितहरुको न्याय प्राप्ति र संक्रमणकालीन न्यायको विषयमा उल्लेख्य सुधारको आवश्यकता कायमै छ । मुद्दा फिर्ता र माफीको विषय विवादरहीत हुन सकेको छैन । भूकम्प पीडितहरूको आवासको अधिकारको उपभोग प्रमुख समस्याको रुपमा रहेको छ ।

**अध्यक्ष महोदय,**

उल्लिखित अवस्थामा नेपाल सरकारको पटक-पटकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयनमा बदल्न ढिलाई भइसकेको छ । अन्य संवैधानिक निकाय र आयोग बीचमा रहेको अन्तर्राष्ट्रिय दायित्वलाइ समेत बुझ्केर आयोगलाई सक्षम बनाउन सकेमा अन्ततः सरकारको अन्तर्राष्ट्रिय रुपमा मान प्रतिष्ठा वृद्धि हुन गई मानव अधिकार परिषदको सदस्य भएको अवस्था थप सार्थक हुने निश्चित छ । त्यसैले सरकारबाट आयोगलाई आर्थिक, भौतिक, जनशक्ति लगायतका विषयमा यसको प्रकृति बुझ्केर सहयोग हुन जरुरी छ । संविधानको मौलिक हक सम्बन्धी व्यवस्थामा परिलक्षित तर्जुमा गर्नुपर्ने कानुनहरु र आयोगसँग सम्बन्धित माथि उल्लिखित कानुनहरु समयमा नै पारित हुन जरुरी छ । नागरिकहरुको मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेख्य भूमिका निर्वाह गरेर नै सबैको लागि घरघरमा मानव अधिकारः शान्ति र विकासको आधारको लक्ष्य प्राप्ति हुने निश्चित छ ।

अन्त्यमा, आयोग स्थापनामा नागरिक समाजले खेलेको भूमिकाको पुनः स्मरण गर्दै आयोगप्रति नागरिक समाजको जुन आस्था र विश्वास कायम छ, निरन्तर कायम रहने आशा गर्दछु । आयोगको काम कारवाहीमा सहयोग गर्ने साझेदार निकायहरु र सरकारबाट आगामी दिनहरुमा पनि आयोगको कार्यादेश बमोजिम सहयोग हुने अपेक्षा सहित कार्यक्रमका सम्पूर्ण आमन्त्रित अतिथि महानुभावहरुलाई पुनः हार्दिक स्वागत गर्दछु ।

**धन्यवाद !**